कोन्ज्योसोम गाउँपालिका
Konjyosom Rural Municipality
༄༅། །གོན་ཛོ་སོམ་གྲོང་སྡེ་ཚོགས།
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
चौघरे, ललितपुर
Chaughare ,Lalitpur
बागमती प्रदेश, नेपाल।
Bagmati Province.Nepal.

पत्र संख्या /Ref.No:-२०८०/८१
चलानी नं./Dispatch No:-

मितिः२०८०/१२/०१

**बिषयःआमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा आ.व २०८१/०८२ को लागि "आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम" अन्तर्गत आमाबाबु दुवैको मृत्यु भएको ,बुवा आमा दुवै बेपत्ता भएका वा दुबैका संरक्षण र रेखदेख बाट पूर्ण रुपमा बन्चित भई अरुको संरक्षणमा रहेका १८ वर्ष उमेर पुरा नगरेका बालवालिकाहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले यस कार्यकम वमोजिम लाभान्वित हुन योग्य बालबालिका वा निजको संरक्षक, माथवर, वा स्याहार सुसार गर्ने व्यक्तिले तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र वडा कार्यालय मार्फत आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**आवेदनको साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी वा नागरिकता भएमा नागरिकताको प्रतिलिपी ।
२. आमा र बाबु दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा आमाबुवा दुवैजना बेपत्ता वा दुबैका संरक्षण र रेखदेखबाट पूर्ण रुपमा बन्चित भई अरुको संरक्षणमा रहेको भनी वडा कार्यालयको सिफारिस ।
३. विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र ।
(५वर्ष उमेर पुगेको बालबालिकाको हकमा मात्र)
४. संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
५. निज बालबालिकाको संरक्षक हो भनि प्रमाणित गरेको सिफारिस पत्र ।

१२।१.
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सबै वडा कार्यालय :- सूचना टाँस तथा आवश्यक सहजीकरण गर्नुहुन ।

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत